मिति : २०८१/१०/०९

## AFIR को वार्षिक बैठक तथा अन्तर्राष्ट्रिय सम्मेलन

एसियाली देशहरूका बीमा क्षेत्रका नियामक निकायहरूको संस्था Asian Forum of Insurance Regulators (AFIR) को १९औं वार्षिक बैठक तथा सम्मेलन २०२४ र बीमा नियमन सम्बन्धी एसिया प्रशान्त क्षेत्रको सातौं उच्चस्तरीय बैठक २०२४ (7th Asia-Pacific High Level Meeting on Insurance Supervision 2024) आज काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल बीमा प्राधिकरण, International Association of Insurance Supervisors (IAIS), AFIR र Finalcial Stability Institute (FIS) of the Bank for International Settlements (BIS) को संयुक्त आयोजनामा बैठक तथा सम्मेलन आयोजना गरिएको हो ।

बीमा नियमन सम्बन्धी एसिया प्रशान्त क्षेत्रको सातौं उच्चस्तरीय बैठक माघ ७ र ८ गते तथा AFIR वार्षिक बैठक तथा सम्मेलन माघ ८ र ९ गते भएको थियो ।

बैठक तथा सम्मेलनको पहिलो दिन शुभारम्भ मन्तव्य दिनुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष मदन दाहालले एसिया-प्रशान्त क्षेत्रका देशहरूका बीमा क्षेत्रका नियामक निकायहरूको बैठक तथा सम्मेलन नेपालमा आयोजना गरेकोमा आभार प्रकट गर्नुभयो ।

अध्यक्ष दाहालले जलवायु परिवर्तनका कारण आइपर्ने विपत्ति लगायतका कारणबाट विपन्न वर्गलाई पर्ने वित्तीय जोखिमलाई सम्बोधन गर्नका लागि साझा बीमा पद्धति विकासको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमको सभापतित्व AFIR का अध्यक्ष तथा Australian Prudential Regulation Authority का महाप्रबन्धक पिटर कोहिहागेन तथा Finalcial Stability Institute, Bank for International Settlements का अध्यक्ष फर्नाण्डो रेस्टोईले गर्नुभएको थियो ।

बैठक तथा सम्मेलनमा बीमा नियमन सम्बन्धी एसिया-प्रशान्त क्षेत्रको उच्चस्तरीय बैठकमा जलवायु परिवर्तन तथा प्रविधिमा भएको विकासका कारण उत्पन्न भएका जोखिमहरूलाई सम्बोधन गर्न जोखिममा आधारित पूँजी, मूल्य तथा नियमन पद्धतीको विकास, प्राकृतिक विपदका कारण हुने जोखिमको वित्तीय नोक्सानी पूर्तिमा बीमाको भूमिका र भौगोलिक विकटता तथा आर्थिकरूपले पछि परेका वर्गहरूमा बीमाको पहुँच विस्तार छलफल भएको थियो ।

एसिया-प्रशान्त क्षेत्रमा तीब्र गतिमा हुँदै आएको आर्टिफिसियल इन्टेलिजेन्स (AI) र अन्य प्राविधिक विकासका कारण सिर्जित जोखिमहरूलाई सचेतापूर्वक सन्तुलितरूपमा सम्बोधन गर्न नियामकीय निकायहरूको भूमिका, एसिया-प्रशान्त क्षेत्रमा प्राकृतिक विपदको जोखिमको वित्तीय रक्षावरणमा समानता कायम गर्न एकीकृत पद्धतिको विकास, समावेशी बीमा मार्फत जलवायु परिवर्तनका जोखिमलाई अवसरमा बदल्ने सम्भावना लगायतका विषयमा छलफल भएको थियो ।

यसैगरी, जलवायु परिवर्तन तथा प्राकृतिक विपदका कारण सिर्जना हुने जोखिमहरूलाई आगामी दिनमा कसरी सम्बोधन गर्दै अघि बढ्ने सम्बन्धमा सहभागीहरूबीच विचार-विमर्श हुनुका साथै यस सम्बन्धमा एसिया-प्रशासन्त क्षेत्रका देशहरू लगायत एसियाली विकास बैंक (ADB) ले कार्यान्वयन गर्दै आएका नीति तथा कार्यक्रमहरूका बारेमा जानकारी दिइएको थियो ।

बैठक तथा सम्मेलनमा एसिया-प्रशान्त क्षेत्रका नेपाल लगायत विभिन्न १२ देशका बीमा क्षेत्रका नियामक निकायहरूका प्रमुख तथा पदाधिकारीहरू गरी करिब ६० जनाको सहभागिता रहेको थियो ।